# महालेखा परीक्षकको कार्यालय

**Office of the Auditor Genera**

अर्थ भन्सार लेखापरीक्षण निर्देशनालय)

डोरमुकाम, झापा

अछाबे

Phone: 4258174
4266034
4255707
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu
NEPAL


पत्र संख्याः
च.नं.३४

मितिः२०७४। १० ।१०

विषयःलेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गौरादह नगरपालिका
नगरकार्यपालिकाको. कार्यलय,गौरादह झापा।

लेखापरीक्षण ऐन, २०४८ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७३।७४ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित पेस भएसम्मको लेखा र लेखासँग सम्बन्धित कागजपत्र परीक्षण गरी मिति २०७४।१०।०१ मा छलफल पश्चात् तयार गरिएको पाना ६ को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९(१) बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा ऐनको दफा १९(३) बमोजिम कारबाहीका लागि लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

(भूमिराज आचार्य)
लेखापरीक्षण अधिकारी

**बोधार्थ तथा कार्यार्थः**

श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
सिंहदरवार, काठमाडौं:- प्रतिवेदन संलग्न छ ।

श्री जिल्ला समन्वय समितिको कार्यालय,
झापाः- प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
झापाः- प्रतिवेदन संलग्न छ ।

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

| दफा नं. | भौ.नं., मिति र व्यहोरा |
|---|---|
| | **गौरादह नगरपालिका** |
| | **परिचयः** स्थानीय निकायमा जनताको लागि सोच्ने र जवाफदेहीता बहन गरी स्थानीय विकास गर्न स्रोत साधन संकलन र परिचालन प्रजातान्त्रिक प्रक्रिया पारदर्शी व्यवहार, जनउत्तरदायी र जनताको सहभागितामा आधारित नागरिक समाजको स्थापना गर्न उन्मुख हुने तथा दिगो विकासको लागि आधारभूत सेवा प्रदान गर्ने कार्यमा स्थानीय स्वायत्त शासनमा निजी क्षेत्रलाई सहभागी हुन प्रोत्साहन गर्ने जस्ता कार्यको लागि यस कार्यालयको स्थापना भएको हो । |
| | **नगरपालिकाको कार्यालयको उद्देश्य :** नेपाल सरकार एवं स्थानीय निकाय मै उपलब्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु नगरपालिका कार्यालयको मुख्य उद्देश्य हो । |
| | **लेखापरीक्षणको उद्देश्य र क्षेत्र**<br><br>**लेखापरीक्षणको कानूनी व्यवस्था :** नेपालको संविधानको धारा २४१ मा स्थानीय तहको समेत लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखा परीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था रहेको छ । संविधानमा व्यवस्था भए बमोजिम यस नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरिएको छ ।<br>**लेखापरीक्षणको उद्देश्य :** कार्यालयबाट पेश भएको एकिकृत व्यय विवरणले समग्र आर्थिक कारोबारलाई यथार्थ रुपमा प्रस्तुत गरे नगरेको, प्रचलित कानून बमोजिम कारोवार संचालन गरी लेखाङ्कन गरे नगरेको, स्वीकृत कार्यक्रम अनुरुप कार्य सञ्चालन गरे नगरेको सम्बन्धमा परीक्षण गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको मुख्य उद्देश्य रहेको छ ।<br><br>**लेखापरीक्षणको क्षेत्र :** गाउँ विकास समितिको आर्थिक कारोबार र सोको जिम्मेवारी, सम्पत्तिको व्यवस्थापन,नगरपालिकाको सबै आम्दानी तथा खर्च, केन्द्रीय निकासा तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन लगायत आर्थिक वर्ष २०७३।७४ सम्मको क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रभित्र समावेश गरिएको छ |
| | **स्थानिय निकायको अधिकार क्षेत्र :** नेपालको संविधानको अनुसुची ७ र ९ मा स्थानिय तहको साझा अधिकारका बारेमा उल्लेख गरेको छ भने अनुसुची ८ स्थानिय तहको देहायका अधिकारका बारेमा स्पष्ट व्यवस्था गरेको छ ।<br>• नगर प्रहरी<br>• सहकारी संस्था<br>• एफ एम सञ्चालन<br>• स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन<br>• स्थानीय सेवाको व्यवस्थापन<br>• स्थानीय तथ्यांक र अभिलेख संकलन<br>• स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू<br>• आधारभूत र माध्यमिक शिक्षा<br>• आधारभूत स्वास्थ्य र सरसफाइ<br>• स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता<br>• गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन<br>• स्थानीय अभिलेख व्यवस्थापन घर जग्गा धनी पुर्जा वितरण कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी<br><br>उल्लेखित अधिकार कार्यान्वयनको लागि हालसम्म आवश्यक ऐन नियमको व्यवस्था भै नसकेको अवस्था रहेको छ । |
| १. | आर्थिक विवरणः प्रस्तुत आर्थिक बिवरणबाट केन्द्रिय अनुदानबाट रु.१५७३२८२००।००, आन्तरिक आय रु. ६३०६७०८९.२५ समेत रु. २२०३९५२८९।२५ को आम्दानी मध्ये पुजिंगत खर्च रु. ६२६५९९८०.६६ , चालु खर्च |

| | |
|---|---|
| | रु. १०२३७२३४८।३४ भएको देखिन्छ । |
| २. | **आन्तरिक नियन्त्रण प्रणाली** : विभिन्न ऐन नियम एवं कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसँग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने सम्बन्धमा मूल्यांकन र्दा निम्नानुसारको व्यहोरा देखिएकोले यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्ने देखिन्छ।<br>• दैनिक तथा भ्रमण भत्ता खर्चको बिल भुक्तानी गर्दा अनिवार्य रुपमा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्ने व्यवस्थाको कार्यान्वयन भएको छैन,<br>• खर्च भएका सबै बिल भरपाईमा भुक्तानी भएको छाप लगाई प्रमाणित गरी राखेको पाईएन ।<br>• खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी भुक्तानी भएको जनाउने छाप लगाई राखेको छैन ।<br>• कार्यक्रमगत खर्च खाता राखेको छैन ।<br>• मुल्य नखुलेको पुराना सामानको मुल्य कायम गरी जिन्सी अभिलेख अद्यावधिक गरेको छैन,<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरेको छैन,<br>• अन्तिम लेखापरीक्षणबाट औंल्याएको बेरुजू अभिलेख व्यवस्थित छैन ।<br>• कार्यविवरण तयार गरि कर्मचारीको अधिकार जिम्मेवारी दिएको छैन ।<br>• खप्ने जिन्सी सामानको संकेत प्रदान गरेको छैन।<br>• जिन्सी निरीक्षण गरी प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानको मर्मत, संभार र लिलाम बिक्री गर्ने जस्ता जिन्सी व्यवस्थापन कार्य भएको छैन,<br>• जिन्सी खाता अद्यावधिक र प्रमाणित गरी राखेको छैन,<br>• म.ले.प.फारम नं -२११ तयार गरेको छैन । |
| ३. | आन्तरिक आय: नगरपालीकाले यो वर्ष रु.९५७२५७९।५० आन्तरिक आय गरेको छ । आन्तरिक आयमा देहाय बमोजिम देखिएको छ:<br>• बिगत बर्षको आय बक्यौता रु. १५३६५१।०० असुल भएको छैन |
| ४. | **राजस्व असुली तथा दाखिला:-** आर्थिक कार्यविधि ऐन २०५५ को परिच्छेद ४ दफा १२,१३ले राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा सोको भोलिपल्ट बैंक दाखिला गर्नुपर्ने,प्राप्त आयको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने र सो नगरेमा जरिवाना तथा बिभागिय कारवाही समेतको व्यवस्था रहेको छ । त्यसैगरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को परिच्छेद ६ ले पनि स्थानीय निकायको परिषदको निर्णय अनुसार बिभिन्न श्रोतबाट आन्तरिक आय आर्जन गर्न सक्ने व्यवस्था गरेकोमा साबिकका स्थानीय निकाय तथा हालका स्थानीय तहबाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी राखेको पाइएन । वर्तमान स्थानीय तहबाट समेत यसमा विशेष ध्यान दिई आवश्यक निर्णय तथा कार्यान्वयन गरि आन्तरिक आय बृद्धि गर्ने गर्ने तर्फ ध्यान पुग्नु पर्दछ । वर्षान्तमा बाकी रहेको रु.७२,९८३।२४ दाखीला भएको छैन । |
| ५. | **बरबुझारथ:-** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.सं. २०७३।७४ च.न.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोवार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम नगरपालिकामा समाहित भएका साबिकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका गाँउ विकास समितिको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ । |
| ६. | **सम्पत्ति हस्तान्तरण** : स्थानीय तहको सेवा सन्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश,२०७४ को दफा ७७ अनुसार नगरपालिका कायम हुंदा सो भित्र समाहित भएका साबिकका गाँउ विकास समिति वा नगर पालिका वा त्यसको कुनै वडाको चल अचल सम्पत्ति,दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वत: हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता मिति २०७४ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, प्रत्यक साबिक गा.बि.स.का सचिव परिवर्तन हुने बित्तिकै खर्च भएर नजाने जिन्सी खाता (म.ले.प.फा.नं.-४७) समेत नयाँ खडा गर्ने गरेको जसमा कम्पुटर, ल्यापटप, प्रिन्टर, डिजिटल क्यामरा, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । कार्यालयले जिन्सी निरीक्षण प्रतिवेदन तयार गरी सार्वजनिक गरेको नपाईएकोले तालुक निकायको आदेशको पालना गरिनु |

पर्दछ ।

७. **जिन्सी/सम्पत्ति संरक्षण र उपयोगः** कार्यालयले साविक गाउं बिकास समिति बैगुनधराको जिम्मा रहेका जिन्सी सामानको नगरपालीकाको मुल जिन्सी खातामा जिम्मेवारी सारेको नदेखिएकोले उक्त जिन्सी सामानहरु एकिन गरी आगामी बर्ष जिन्सी अभिलेख अद्यावधिक गर्नु पर्दछ ।

८. **योजना छनौट र कार्यान्वयनः** स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६ बमोजिम स्थानीय निकायले संचालन गर्ने योजना छनौट तथा कार्यान्वयनमा समावेशी, पारदर्शिता र गाउं /नगर परिषदबाट पारित हुनु पर्नेमा योजना छनौट तथा कार्यान्वयनमा देहाय बमोजिम देखिएको छः

- सम्पन्न भएका योजनाहरु उपभोक्ता समितिमा हस्तान्तरण भएको देखिएन
- रु.१० लाख भन्दा माथिको निर्माण कार्यको अनिवार्य रुपमा विमा गराउनु पर्नेमा गराएको छैन ।

९. **स्रोत नक्सांकन :** स्थानीय स्वायत्त शासन ऐन २०५५, तथा नियमावली २०५६ बमोजिम प्रत्येक नगरपालीकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक स्रोत अर्न्तगत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साङकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।

१०. **वार्षिक खरिद योजना तयार नगरेकोः-** सार्वजनिक निकायले वार्षिक दस लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ (स्रोत के हो )। कार्यालयले यो बर्ष रु. ६,२६,५९,९८०।०० को खरिद कार्य गरेकोमा वार्षिक खरिद योजना तयार गरेको नपाईएकोले नियमको पालना भएको देखिएन । खरिद कार्यमा पारदर्शिता र समयबद्धताका लागि खरिद योजना आबशयक पर्ने भएकोले नियममा भएको व्यबस्था पालना हुनुपर्दछ ।

११. **मालसामानको लागत अनुमान तयार नगरेकोः-** सार्बजनिक खरिद नियमावली २०६४ अनुसार सार्वजनिक निकायले मालसामानको स्पेसिफिकेशनको अधीनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको पाईयो । कार्यालयले लागत अनुमान तयार गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१२. **प्रगति तयार नगरेको** - आर्थिक कार्यविधी नियमावली २०६४ को नियम २० र २५ अनुसार नगर कार्यपालीकाले चौमासिक र बार्षिक प्रगति विवरण तयार गरी तोकिए बमोजिमको निकायमा पठाउनुपर्ने उल्लेख गरेकोमा सो विवरण तयार गरी पठाएको नदेखिएकोले बार्षिक लक्ष्य र प्रगतिको विश्लेषण गर्न सकिएन ।

१३. **सामाजिक सुरक्षा तर्फः**–यस नगरपालिकाको सामाजिक सरक्षा भत्ता बितरण गर्नको बार्षिक रु.७,४३,५९,०००।०० बिनियोजन भएकोमा रु.७,४३,५९,०००।०० निकासा भई रु.७,४१,१३,४००।०० खर्च भएको पाईयो । खर्च नभई रु.२,२४,६००।०० बांकी रहेको देखिएकोले केन्द्रिय कार्यक्रमको बचत रकम संघीय संचीत कोषमा दाखिला हुनुपर्ने देखिन्छ ।

।

१४. **भपाई** – सामाजिक सुरक्षा भत्ता वितरण गर्न कृषि विकास बैंकलाई रु.२ करोड ६४ लाख ९० हजार ८०० खर्च लेखेकोमा लाभग्राहीले रकम प्राप्त गरेको भपाई वा विवरण उक्त वैंकबाट लिएको नपाइएकोले सो रकमको खर्च पुष्टि गर्ने आधिकारीक काजजात पेश गर्नु पर्दछ ।

१५. **मुल्य अभिबृद्धि कर** – ७२।०७४।०३।३० नगरपालिकाले आ.ब. २०७४।०७५ को लागि पशु हाटबजार, दामुनाको आय रु.१०,००,७१०।०० मा ठेक्का लगाएकोमा मूल्य अभिबृद्धि कर ऐन, २०५२ बमोजिम मुल्य अभिबृद्धि कर १३ प्रतिशतले हुने रु.१३००९२।३० असूल गरी सम्वन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला गरेको नपाइएकोले सो रकम असूल गरि दाखिला पर्दछ ।

१६. **कर्मचारी कल्याण कोषतर्फ**

निम्नानुसारको भौचरबाट रु.१५,५८०।०० करकट्टी गरी वैंक नगदी किताबमा विविधमा देखाएकोमा लेखापरिक्षण अवधिसम्म सो रकम राजश्व दाखिला गरेको नपाइएकोले दाखिला गर्नु पर्दछ ।

| | | |
|---|---|---|
| १ | २/२०७३।६।१८ | ७५८०।०० |
| २ | ४/२०७३/६/२ | ४०००।०० |
| ३ | ५/२०७३/६/२० | ४०००।०० |
| | | १५५८०।०० |

१७. **आम्दानी नसारेको -** साविक बैगनधरा गाविसको खातामा बांकी रहेको रकम नगरपालिकाले आम्दानी जनाइ

| | |
|---|---|
| | नगरपालीकामा ट्रान्सफर गन बांकी रहेको देखिएकोले नगरपालकिाले तत्काल रु.६०७१।७० ट्रान्सफर गर्नु पर्ने देखिन्छ । |
| १८. | **पेश्की फछ्र्यौट नभएको:-** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिनेदिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले लेखापरीक्षण मिति २०७४।१०।०३ सम्म निम्नानुसारको पेश्की फछ्र्यौट गरेको नदेखिएकोले नियमानुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । साविक गाँउ विकास समितिको कारोवारमा आ.व.२०७२/०७३ सम्म ६४ जनाको नाममा रु.१२,८३,४५४।००।०० पेश्की बांकी रहेको देखियो । उक्त पेश्की आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ७९ अनुसार आवश्यक कारवाही गरी फछ्र्यौट गर्ने तर्फ नगरपालिकाको विशेष ध्यान पुग्न पर्दछ ।यस आर्थिक वर्षको अन्त्यसम्म रु. ३३७४०००।०० पेश्की बांकी रहेको देहाय अनुसारको पेश्की आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ७९ अनुसार आवश्यक कारवाही गरी फछ्र्यौट गर्नु पर्दछ । |

| गो.भौनं. | विवरण | पेश्की लिनेको नाम | रकम |
|---|---|---|---|
| ७७।२०७३।०८।१९ | कार्यालय भवन निर्माण | खनाल कन्स्ट्रक्शन इलाम | १४,००,०००।०० |
| ६२।२०७३।०२।०९ | वडा कार्यालय मर्मत | अर्जुन चापागाई | १,००,०००।०० |
| ९१।२०७३।०३।०५ | नमुना सडक कालोपत्रे | मैनाचुली निर्माण सेवा | १५,५०,०००।०० |
| १४६।२०७३।०३।२७ | खानेपानी ट्यूवेल जडान सचेतना कार्यक्रम | लक्षित वर्ग पिछडा समन्वय समिति | ७२,०००।०० |
| १४७।२०७३।०३।२७ | सचेतना कार्यक्रम | आदिवसी जनजाती उत्थान मञ्च | २,५२,०००।०० |
| | जम्मा | | ३३७४०००।०० |

| | |
|---|---|
| १९ | **बेरुजु अभिलेख र फछ्र्यौट:** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको प.स. २०७३।७४ च.नं.१.१.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट परिएको परिपत्रको दफा १७ बमोजिम नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ । साविक गांउ बिकास समिति, नगरपालिकामा बेरुजु अभिलेख, पेश्की बांकीको बिबरण तथा सो को फछ्र्यौटको अभिलेख रहेको पाईएन । |
| | **साविक बैगुनधरा गाउँ विकास समिति:-**(कार्यालय प्रमुख:- श्री वासुदेव भटटराई) |
| २० | **जिन्सी दाखिला नगरेको:-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) मा मा स्थानीय निकायमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी कितावमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले रु.२४६१५१।०० यामाहा मोटरसाइकल २०७३।०५।३०मा खरीद गरेकोमा जिन्सी आम्दानी गरेको छैन । कार्यालयले जिन्सी दाखिला गरी आम्दानी बाँध्नु पर्नेतर्फ ध्यान दिनुपर्दछ । |
| २१ | **अग्रिम आयकर कट्टा नगरेको:-** आयकर ऐन २०५८ को दफा ८७ अनुसार सेवा शुल्क भुक्तानीमा १५ प्रतिशतका दरले अग्रिम आयकर कट्टा गरी भुक्तानी गर्नु पर्ने व्यवस्था छ । तर आ.व. ०७३।०७४ को प्राविधिक खच वापत प्राविधीक प्रेमचन्द्र वास्तोलालाई रु.३५,०००।०० प्राविधिक खर्च लेखेकोमा कर रु.५२५०।०० कट्टा नगरेको कट्टा गरेको नपाईएकोले सो रकम असुल गरी संघीय सञ्चित कोषमा दाखिला हुनुपर्दछ । |
| २२ | **अग्रिम आयकर कट्टा नगरेको:-** आयकर ऐन २०५८को दफा ८९ अनुसार भुक्तानी रकममा १.५ प्रतिशतका दरले अग्रिम आयकर कट्टा गरी भुक्तानी गर्नु पर्ने व्यवस्था छ । तर भौ.नं ६०/२०७४/३/३० वडा नं. ९ को बालबालिका तथ्यांक तयारी वापत रु.२,५०,०००।०० मू.अ.कर समेत खर्च लेखेकोमा आयकर ऐन २०५८ बमोजिम अग्रिम कर वापत रु.३७५०।०० कर कट्टा नगरेको संघीय सञ्चित कोषमा गरी दाखिला हुनुपर्दछ । |
| २३ | **पेश्की फर्छौट नभएको:-** स्थानीय निकाय आर्थिक प्रशासन (पहिलो संशोधन) नियमावली, २०६४ को नियम १८२(३) मा दिएको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नु वा गराउनु पेश्की लिनेदिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । साविक गाँउ विकास समितिको कारोवारमा आ.व.२०७२/०७३ सम्म ५८ जनाको नाममा रु.१२,१२,९४०।००।०० पेश्की बांकी रहेको देखियो । कार्यालयले लेखापरीक्षण मिति २०७४।१०।०६ सम्म निम्न अनुसारको पेश्की फछ्र्यौट गरेको नदेखिएकोले नियमानुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । |

## स्रोत उपयोग र उपलब्धिको विवरण

| क.सं. | स्रोत | मुख्य उपलब्धिहरु |
|---|---|---|
| १ | बजेट विनियोजन | बजेट खर्च तलव भत्ता ६२९९६२८।४४<br>संचालन खर्च ८७२५१८८।८४<br>पुजिगत खर्च ६२६५९९८०.६६ |
| २ | कर्मचारी संख्या २९ | स्थानीय तहको आम्दानी ९५७२५७९.०० |
| ३ | भौतिक पूर्वाधार:<br>• भवन संख्या<br>• सवारी साधन संख्या ४ | धरौटी आम्दानी<br>कार्यक्रम उपलब्धि<br>• तालिम प्राप्त गर्नेको संख्या ०<br>• योजना संचालन १५०<br>• सामाजिक सुरक्षा भत्ता ४२३५<br>• निर्माण कार्यको परिमाण ०<br>सेवा प्रवाह<br>• स्थानीय स्तरमा पूर्वाधार विकास, क्षमता अभिवृद्धि । |

## बेरुजू वर्गीकरण

| क.सं. | बेरुजू वर्गीकरण | दफा नं. | रकम |
|---|---|---|---|
| १ | असुल गर्नुपर्ने | ४,१३,१५,१६,१८,२१,२२, | ४५२२५४.५४ |
| २ | नियमित गर्नुपर्ने | | |
| | • अनियमित भएको | | |
| | • प्रमाण कागजात पेस नभएको | १७,२० | २५२२२२.७० |
| | • जिम्मेवारी नसारेको | | |
| | • शोधभर्ना नलिएको | | |
| ३ | पेश्की: | | |
| | • कर्मचारी | | |
| | • मोविलाइजेसन | १८ | २९५००००.०० |
| | • प्रतीतपत्र | | |
| | • संस्थागत | १८ | ४२४०००.०० |
| ४ | सैद्धान्तिक | १,२,३,५,६,७,८,९,१०,११,१२,१४,१९,२३ | |
| | जम्मा | | ४०७८४७७.२४ |

*द्रष्टव्य: कार्यान्वयन गर्नुपर्ने र रकम खुल्ने दफालाई लगति र अन्य दफालाई सैद्धान्तिक बेरुजू कायम गरिएको छ ।*

# आर्थिक कारोबारको स्थिति

| कार्यालय र स्थानः | | नाम | कार्यरत अवधि | | बेरुजू रकम |
|---|---|---|---|---|---|
| गौरादह नगरपालिका, | | | देखि | सम्म | |
| आर्थिक वर्ष: २०७३।०७४ | कार्यालय प्रमुखः | रविन्द्र बस्ती | २०७३.०४.०१ | २०७४.०३.३१ | ४०७८४७७.२४ |
| | लेखा प्रमुखः | श्री यूवराज पोखरेल<br>श्री ओमप्रकाश आचार्य | २०७३.०४.०१<br>२०७३.०९.०१ | २०७३.०८.३०<br>२०७४.०३.३१ | |

# एकिकृत आय व्ययको विवरण
## गौरादह नगरपालिका
### आर्थिक वर्ष २०७३/७४

| आयतर्फ | ब.उ.शि.नं. | रकम | रकम | व्ययतर्फ | ब.उ.शि.नं. | रकम | रकम |
|---|---|---|---|---|---|---|---|
| गतवर्षको मौज्दात | | | | वैगुनधुरा गाउँ विकास समिति खर्च (फिर्ता समेत) | | | १२०९४९९१.०६ |
| न.पा<br>गाउँ विकास समिति ,वैगुनधुरा | | १३०३५२१४.००<br>२२२३७५.०० | १३२५७५८९.०० | नपा चालु खर्च | | | ८९२७८३५७.२८ |
| यो वर्षको आम्दानी | | | ६२०६७०८९.२५ | | | | |
| नगरपालिका<br>नपा अन्य<br>गाउँ विकास समिति,वैगुनधुरा<br>वैगुनधुरा हाल ९ | | ९५७२५७९.५०<br>४०५४२८३९.७५<br>५३७९७९८.००<br>७५७१८७२.०० | | | | | |
| संघीय संरचना पूवाधार विकास कार्यक्रम | ६०२११०३ | | १०००००००.०० | नपा पूंजीगत खर्च | | | ६२६५९९८०.६६ |
| | | | | | | | |
| नपा अनुदान | ३६५८०३३ | | ६६३८२०००.०० | | | | |
| सामाजिक सुरक्षा भत्ता | ३६५०१५३ | | ७७०१९२००.०० | | | | |
| एल जि सि डि पिबाट प्राप्त | ३६५८१९३ | | ३९२७०००.०० | | | | |
| | | | | अन्तिम मौज्दात | | | ६८६१९५४९.२५ |
| | | | | संचित कोषमा बैंक मौज्दात न पा | | ६८५४०४९५.३१ | |
| | | | | नगद मौज्दात | | | |
| | | | | संचित कोषमा बैंक गा वि स मौज्दात<br>नगद मौज्दात | | ६०७१.७०<br>७२९८२.२४ | |
| जम्मा | | | २३३६५२८७८.२५ | जम्मा | | | २३३६५२८७८.२५ |